**मिति २०७६/१०/२७ गते नगर कार्यपालिका बैठकका प्रस्तावहरू**

१. टिक्करी ढुङ्गेसेरा पोखरा हर्रे सडकको ढुङ्गा विक्री सम्बन्धमा ।

२. तरकारी तथा बाखा जोनको लागि सिफारिस सम्बन्धमा ।

३. विद्युतिकरणको लागि फलामे पोल माग सम्बन्धमा ।

४. गरिब तथा विपन्न परिवारलाई खरको छाना विस्थापनको लागि जस्ता पाता वितरण सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

टिक्करी ढुङ्गेसेरा पोखरा हर्रे सडकको ढुङ्गा विक्री सम्बन्धमा ।

यस शितगंगा नगरपालिका वडा नं. ११ र १० मा पर्ने टिक्करी ढुङ्गेसेरा पोखरा हर्रे सडक भित्ता पट्टीको साइडमा विभिन्न ठूला ठूला ढुङ्गा परी बाटोको स्तरोन्नती हुन नसकीरहेको अवस्थामा उक्त कडा ठूला ढुङ्गाहरु ब्रेकरले खन्नु पर्ने अवस्था रहेको र सो कार्य गर्दा धेरै बजेटको आवश्यक्ता पर्ने भएकोमा हाल विनियोजन भएको रकमबाट सो कार्य गर्ने गरी लागत अनुमानमा समेत समावेश नभएकोले नाली समेत सडकको चौडाई ७ मिटरको बनाउन र हाल लाई काभ्रेघाट खोला देखी सेरा प्रतिक्षालय सम्म बिचमा पर्ने सबै खालका ढुङ्गा आफ्नै श्रोतमा फुटाई नियमानुसारको रोयल्टी बुझाई लैजान अरुण रायमाझीलाई दिने भनि १४ जना स्थानीय उपभोक्ताहरुको भेलाले गरेको निर्णय, उपभोक्ता समितिको निवेदन सहित वडा नं. ११ बाट सिफारिस भई आएकोले वडा तथा उपभोक्ता समितिको निगरानीमा ढुङ्गा फुटाई जम्मा गर्ने र नगरपालिकाबाट प्राविधिले नापजाच गरेपश्चात नियमानुसारको रोयल्टी लिई फुटाएका ढुङ्गा लैजाने समेतको कार्य मिति २०७६ फाल्गुन मसान्त भित्र गर्ने गरी आदेश दिने निर्णय गरियो ।

निर्णय नं. २

तरकारी तथा बाखा जोनको लागि सिफारिस सम्बन्धमा ।

यस शितगंगा नगरपालिका वडा नं. २, ३ र ४ वडालाई तरकारी ब्लक क्षेत्र र वडा नं. १, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ लाई बाखा जोन क्षेत्रको रुपमा संचालन गर्न सो कार्यक्रममा समावेश गरी दिन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यन्वयन इकाई सन्धिखक अर्घाखाँचीलाई लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

विद्युतिकरणको लागि फलामे पोल माग सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाको वडा नं. १२ को पत्थरकोट पिरापानीको ११ के.मी एच टी लाईन बाट धौलेटाकुरा, जलुके, टिक्करी, टर्रे, तल्लो टिक्करीमा २०६६ सालमा एल टि लाईन काठको पोलबाट सम्पन्न गरिएकोमा हाल उक्त काठका पोल जिर्ण भई समस्या आईरहेकोले उक्त विद्युत प्राधिकरण वितरण केन्द्र तौलिहवा मार्फत भएको विद्युतिकरणमा काठका पोल हटाई फलामे पोल गाडी विद्युत सुधार गर्ने कार्यको लागि आवश्यक १३५ थान फलामे पोल नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालय काठमाण्डौमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

गरिव तथा विपन्न परिवारलाई खरको छाना विस्तापनको लागि जस्ता पाता वितरण सम्बन्धमा ।

शितगंगा नगरपालिकाको नीति अनुरुप गरिव तथा विपन्न परिवारलाई खरको छाना विस्तापनको लागि जस्ता पाता वितरण सम्बन्धमा वडा बाट खरको छाना भएको घरको संख्या माग गर्ने र सो का आधारमा जस्ता पाता वितरणको लागि निम्न अनुसारको कार्यदल बनाई सो को सिफारिसका आधारमा जस्तापाता वितरण गर्ने निर्णय गरियो ।

तपशिल

नगर प्रमुख :- सयोजक

नगर उप- प्रमुख :- सदस्य

प्र प्र अधिकृत :- सदस्य

पूर्वाधार समितिको संयोजक :- सदस्य

सामाजिक विकास समितिका संयोजक :- सदस्य

**मिति २०७६/१०/८ गते नगर कार्यपालिका बैठकका प्रस्तावहरू**

१। शितगंगा नगरपालिकाको खानेपानी व्यवस्थित गर्न वनेको ऐन २०७६ सम्वन्धमा ।

२। कृषि तथा पशु अनुदान वितरण कार्यविधि संसोधन संबन्धमा ।

३। प्रभाकर मा.वि. पूर्वाधार निर्माण सम्बन्धमा ।

४। आर्थिक ऐन संसोधन सम्वन्धमा ।

५। प्राकृतिक श्रोत संकलनको प्रभावित क्षेत्र विकास कार्यक्रमको वजेट विनियोजन सम्बन्धमा ।

६। पाँचौ नगरसभाबाट स्वीकृत योजना संसोधन सम्बन्धमा ।

७। प्रदेश बाट प्राप्त सर्शत तर्फका योजना सम्बन्धमा ।

८। २०७६ श्रावण, भाद्र र आश्विन महिनामा मर्मत गरेको सडकको रकम भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु :**

निर्णय नं. १

शितगंगा नगरपालिकाको खानेपानी व्यवस्थित गर्न वनेको ऐन २०७६ सम्वन्धमा ।

यस शितगंगा नगरपालिका क्षेत्र भित्रको खानेपानीलाई व्यवस्थित गर्नको लागि तयार गरिएको "शितगंगा नगरपालिकाको खानेपानी विधेयक २०७६" स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

कृषि तथा पशु अनुदान वितरण कार्यविधि संसोधन संबन्धमा ।

गत आ.व.मा यस शितगंगा नगरपालिकाबाट स्वीकृत कृषि तथा पशु अनुदान वितरण कार्यविधिमा तपशिल बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

क। खोर सुधार अनुदान तर्फ ३० हजारको ५० प्रतिशत अनुदान कायम गर्ने ।

ख। अपाङ्गहरुलाई वितरण गरिने कृषि तथा पशु अनुदानमा ७५ प्रतिशत कायम गर्ने ।

निर्णय नं. ३

प्रभाकर मा.वि.पूर्वाधार निर्माण सम्बन्धमा ।

यस नगरपालिकाको वडा नं. १४ मा रहेको प्रभाकर मा.वि. पूर्वाधार निर्माणको लागि रु १३,००,०००।- चालु आ.व.मा प्रदेश राजश्व तर्फको नगर प्रहरी शिर्षकमा विनियोजन भएको रकमबाट विनियोजन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

आर्थिक ऐन संसोधन सम्वन्धमा ।

शितगंगा नगरपालिकाको आर्थिक ऐन २०७६ को अनुसूची ७ को १७ र १८, अनुसूची १६ को ४ मा प्रति रुख हुनु पर्नेमा प्रति क्यू फिट हुन गएकोले संसोधनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्राकृतिक श्रोत संकलनको प्रभावित क्षेत्र विकास कार्यक्रमको वजेट विनियोजन सम्बन्धमा ।

शितगंगा नगरपालिकाको पाचौ नगर सभाबाट चालु आ.व.को लागि वजेट विनियोजन हुँदा प्राकृतिक श्रोत संकलनको प्रभावित क्षेत्र विकास कार्यक्रम वडा नं ८, ९, ११ र १२ भनि रु १९,६१,०००।- विनियोजन गरिएकोमा सो रकमबाट प्रभावित क्षेत्रको विकासका लागि देहाय बमोजिमका योजनाहरुमा रकम विनियोजन गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १ देउराली ठाडाखोला सडक ग्राभेल तथा कच्ची नाली निर्माण वडा नं. ९ | रु १,९१,०००।- |
| २ तिनखण्डे झोलुङ्गेपुल चरिङ्गे मो.वा. वडा नं. ८ | रु १,८०,०००।- |
| ३ वढीदमार भैसीखाल फड्के पुल निर्माण वडा नं..८ | रु ३,००,०००।- |
| ४ लाहापे मा.वि.कम्पाउण्ड तारवार वडा नं. ८ | रु ७,००,०००।- |
| ५ चुरेटोला पन्थरकोट सडक वत्ति वडा नं. १२ | रु १,०५,०००।- |
| ६ कृषि उपज संकलन केन्द्र भवन मर्मर पिरापानी वडा नं. १२ | रु ७५,०००।- |
| ७ डोहोटे अमिता पार्क खा.पा. टंकी निर्माण वडा नं. १२ | रु ८०,०००।- |
| ८ विजुलीदमार देखि भाते मो.वा. स्तरोन्नती वडा नं. ११ | रु १,००,०००।- |
| ९ खयरभट्टी सुपादेउराली मन्दिर मर्मत तथा रङ्गरोगन शिनपा ११ | रु १,३०,०००।- |
| १० वेलखोला खानेपानी कुवा तथा चापाकल निर्माण शिनपा ११ | रु १,००,०००।- |
| जम्मा | रु १९,६१,०००।- |

निर्णय नं. ६

पाँचौ नगरसभाबाट स्वीकृत योजना संसोधन सम्बन्धमा ।

शितगंगा नगरपालिकाको पाँचौ नगर सभाबाट स्वीकृत तपशिल बमोजिमका योजना कार्यक्रम तथा विनियोजित बजेट संसोधनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

**वडा तर्फ :- १३ नं. वडा**

| पाँचौ नगरसभाबाट स्वीकृत भएका योजना कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना कार्यक्रम र रकम | |
|---|---|---|---|
| योजना कार्यक्रमको नाम | रकम | योजना कार्यक्रमको नाम | रकम |
| विभिन्न सडक मर्मत तथा हरालु व्यवस्थापन (पेज १३१,सि.नं.१) | ५००००० | विभिन्न सडक मर्मत | ३००००० |
| | | वडा स्तरीय बाल सजाल गठन, सचेतना कार्यक्रम (वाल विवाह न्यूनिकरण) तथा बाल क्लवलाई ड्रेस व्यवस्थापन | २००००० |

वडा तर्फ :- ६ नं. वडा

| पाँचौ नगरसभाबाट स्वीकृत भएका योजना / कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना / कार्यक्रम र रकम | |
|---|---|---|---|
| योजना / कार्यक्रमको नाम | रकम | योजना / कार्यक्रमको नाम | रकम |
| धर्म आ.वि.भवन मर्मत (पेज १०१, सि.नं. ४) | १००००० | धर्म आ.वि. फिल्ड मर्मत | १००००० |

वडा तर्फ :- ७ नं. वडा

| पाँचौ नगरसभाबाट स्वीकृत भएका योजना / कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना / कार्यक्रम र रकम | |
|---|---|---|---|
| योजना / कार्यक्रमको नाम | रकम | योजना / कार्यक्रमको नाम | रकम |
| लामाताल, टाकुरा, बाघे तथा बुटेनी चाम्रे खानेपानी योजना (पेज १०६, सि.नं.९) | १०००००० | लामाताल, दमारवेसी चिदी टंकी, तारिकेपानी सिंचाई टंकी र बुटेनी चाम्रे खा.पा. योजना | १०००००० |
| स्थानीय संस्कृति पर्वद्धन कार्यक्रम (पेज १०६ सि.नं.१) | २००००० | कालीखोला बाघे मो.वा. | १००००० |
| विपद व्यवस्थापन (पेज १०८ सि.नं.२) | १००००० | कल्लेरी वान्द्रे स्याला विद्युतिकरण (बाकी) | १००००० |

वडा तर्फ :- ९ नं. वडा

| पाँचौ नगरसभाबाट स्वीकृत भएका योजना / कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना / कार्यक्रम र रकम | |
|---|---|---|---|
| योजना / कार्यक्रमको नाम | रकम | योजना / कार्यक्रमको नाम | रकम |
| सिस्ने चापाकल खरिद निर्माण (पेज नं. ११४, सि.नं. ४) | १००००० | सिस्ने सिंचाई कुलो बाध मर्मत | १००००० |
| धारापानी दहधाट कुवा मर्मत (पेज ११४, सि.नं.३ ) | ८०००० | नयाँवस्ती रागाकाटे मो.वा. गिट्टी बिछ्याउने | ८०००० |

वडा तर्फ :- २ नं. वडा

| पाँचौ नगरसभाबाट स्वीकृत भएका योजना / कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना / कार्यक्रम र रकम | |
|---|---|---|---|
| योजना / कार्यक्रमको नाम | रकम | योजना / कार्यक्रमको नाम | रकम |
| वडा भित्रको ४ नं. क्लस्टरमा २० जना कृषकलाई अर्याव खेती (पेज नं. ८५ सि.नं.१) | १००००० | वडा भित्रका सम्पूर्ण बाटो मर्मत गर्ने कार्य | १००००० |
| वडा भित्रको ४ नं. क्लस्टर सुपामा टिमुर खेती (पेज नं. ८५ सि.नं.२) | १००००० | व्यवसायीक कफि खेती (झिर्रा र झिर्रायुममा) | १००००० |
| अधेरी चलौजा मो.वा. निर्माण (पेज नं ८८, सि.नं.१२) | १००००० | ठूलाखर्क चलौजा मो.वा. निर्माण | १००००० |
| सगम आ.वि. र जनजागृती आ.वि.वाल कक्षा निर्माण । | १५०००० | सगम आ.वि. वाल कक्षा निर्माण | १५०००० |

| पेज ८८ सि.न.२) | | | |
|---|---|---|---|

वडा तर्फ :- ३ नं. वडा

| पाँचौ नगरसभाबाट स्वीकृत भएका योजना कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | |
|---|---|---|---|
| योजना कार्यक्रमको नाम | रकम | योजना कार्यक्रमको नाम | रकम |
| धाराखोला खिव्दी खानेपानी योजना (पेज नं. ९० सि.न.६) | १३५००० | सिम्ले खिव्दी मो.वा.योजना शिनपा ३ | १३५००० |
| दलित, जनजाती, अपाङ्ग, महिला क्षमता विकास कार्यक्रम (पेज नं ९० सि.न.१) | ४४०००० | दलित, जनजाती, अपाङ्ग, महिला तथा सहकारी क्षमता विकास कार्यक्रम | ४४०००० |
| जनजागरण आ.वि. भवन मर्मत (पेज नं. ८९ सि.नं.२) | ५०००० | जनजागरण आ.वि. कम्प्यूटर खरिद | ५०००० |

वडा तर्फ :- ५ नं. वडा

| पाँचौ नगरसभाबाट स्वीकृत भएका योजना कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना कार्यक्रम र रकम | |
|---|---|---|---|
| योजना कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम |
| विभिन्न खानेपानी योजना मर्मत सुधार (पेज नं. ९७ सि.न.३) | २००००० | सुधा मा.वि.कम्पाउण्ड तारवार तथा मेशिनरी वाल निर्माण | २००००० |

वडा तर्फ :- १४ नं. वडा

| पाँचौ नगरसभाबाट स्वीकृत भएका योजना कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना कार्यक्रम र रकम | |
|---|---|---|---|
| योजना कार्यक्रमको नाम | रकम | योजना कार्यक्रमको नाम | रकम |
| जिमिरे सिचाई योजना (पेज न. ११५ सि.न.७) | १००००० | जिमिरे सिचाई योजना पाईप खरिद | १००००० |

वडा तर्फ :- १० नं. वडा

| पाँचौ नगरसभाबाट स्वीकृत भएका योजना कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना कार्यक्रम र रकम | |
|---|---|---|---|
| योजना कार्यक्रमको नाम | रकम | योजना कार्यक्रमको नाम | रकम |
| सिनपा १० का योजनाहरुको लागि डिपिआर तयारी (पेज १२०, सि.नं.१) | ५००००० | सिनपा वडा नं १० का योजनाहरुको लागि डिपिआर तथा श्रव्यदृस्य निर्माण | ५००००० |

वडा तर्फ :- १ नं. वडा

| पाँचौ नगरसभाबाट स्वीकृत भएका योजना कार्यक्रम र रकम | | समोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | |
|---|---|---|---|
| योजना कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम |
| महेन्द्र नि.मा.वि.घडेरी निर्माण (पेज ८२, सि.नं.२) | २००००० | वडा कार्यालयको चर्पि तथा खानेपानी मर्मत | २००००० |

निर्णय नं. ७

प्रदेश बाट प्राप्त सर्शत तर्फका योजना सम्बन्धमा ।

चालु आ.व.मा ५ नं. प्रदेश बाट सर्शत अनुदान तर्फ यस शितगंगा नगरपालिका भित्र कार्यन्वयन हुने गरी तपशिलका योजनाहरुको लागि निम्न अनुसारको रकम प्राप्त भएकोले सो को जानकारी एवं समयमै कार्यन्वयन गर्ने र नगरसभामा समेत पेश गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १ पंचासे घोरवन्दा खानेपानी योजना | रु १०,००,०००।- |
| २ छंछगे टिम्रे पदमे खानेपानी योजना | रु १०,००,०००।- |
| ३ सरोकार सामाजिक उद्यमी महिला सहकारीको सभाहल निर्माण | रु १०,००,०००।- |
| ४ ज्योति भविश्वर बहुमुखि क्याम्पस | रु ५०,००,०००।- |
| ५ ठूला पधेर ठूला ढुन्गे खानेपानी आयोजना मर्मत संभार | रु १०,००,०००।- |
| ६.ठाडा गौरा पदम गौरा खा.पा.योजना वडा नं. ९ | रु २०,००,०००।- |
| जम्मा | रु १,३०,००,०००।- |

निर्णय नं. ८

२०७६ श्रावण, भाद्र र आश्विन महिनामा मर्मत गरेको सडकको रकम भुक्तानी सम्बन्धमा ।

यस शितगंगा नगरपालिका क्षेत्र भित्रका मुख्य मुख्य सडकहरु वर्षातको कारण पहिरो गई, खोल्सा परी अवरुद्ध भएको सन्दर्भमा आश्विन तथा कार्तिक महिनामा सम्झौता गरी सडकहरु मर्मत गरी सुचारु गर्दा भएका तपशिल बमोजिमको खर्च भुक्तानीको लागि अनुमोदन गर्ने निर्णय गरियो । साथै अन्य सडकहरुको सन्दर्भमा सम्बन्धित सडकको लागि विनियोजन भएकै रकमबाट भएका सम्झौता बमोजिमको खर्च भुक्तानीको लागि समेत अनुमोदन गरियो ।

तपशिल

| | |
|---|---|
| क) मेडामारे सिमलपानी पावरविक्रम सडक | रु ४०००००।- |
| ख) सितापुर सुवर्णखाल नेटापोखरा सडक | रु ५००००।- |
| ग) हर्रे सिद्धारा सामकोट सडक | रु २३००००।- |
| घ) धानखोला पाकुरी सामकोट सडक | रु २१००००।- |
| ड) देउराली जंलके लामाताल सडक . | रु ११००००।- |
| जम्मा | रु १००००००।- |